**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ५६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन २९ गते शुक्रबार ❑ 13 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## एमाले नेता थापाको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

नेकपा (एमाले)का केन्द्रीय सदस्य एवम् कास्की जिल्ला इन्चार्ज कृष्ण थापाको निधन भएको छ ।

सम्भवत हृदयाघातका कारण पोखराका पूर्व मेयर तथा नेकपा एमालेका केन्द्रीय सदस्य एवं कास्की इन्चार्ज कृष्णबहादुर थापाको निधन भएको छ । बिहीबार कास्की क्षेत्र नम्बर १ को निर्वाचन समीक्षा बैठकमा बोल्दै गरेका थापा एक्कासि ढलेपछि उपचारका लागि तत्काल मणिपाल शिक्षण अस्पताल पुऱ्याइएको थियो। तर अस्पतालले दिउँसो करिब ३:४० बजे उहाँलाई मृत घोषणा गरेको एमाले कास्कीले जनाएको छ। पार्टी कार्यालयमा आयोजित बैठकमा करिब १० मिनेट आफनो भनाई राखेपछि थापा कुर्सीमा बस्नु भएको थियो । मन्तव्य सकेपछि साथी नेताहरूसँग हात मिलाउने क्रममा उहाँ एक्कासि ढलेको प्रत्यक्षदर्शीहरूले बताएका छन् । उपचारको लागि उहाँलाई मणिपाल शिक्षण अस्पताल लगिएको थियो ।



थापा दिउँसो करिब २ बजेर ४१ देखि ४३ मिनेटको बीचमा ढल्नु भएको थियो भने करिब १० मिनेटभित्रै उहाँलाई अस्पताल पुऱ्याइएको थियो । "हात मिलाउने क्रममा एक्कासि उहाँको घाँटीबाट अस्वाभाविक आवाज आयो । हामीले तत्काल जुत्ता खोलेर गाडी मगायौं र अस्पताल लग्यौं ।" एक नेता भेषराज बरालले भन्नुभयो । बैठकमा चुनावको टिकट वितरण र पार्टीको निर्वाचन परिणामलाई लिएर कार्यकर्ताहरूले नेतृत्वमाथि प्रश्न उठाइरहेका थिए । सबैको कुरा सुनेपछि थापाले अत्यन्त सन्तुलित रूपमा जवाफ दिदै चुनावी परिणामको सम्पूर्ण नैतिक जिम्मेवारी आफूले लिने बताउनु भएको थियो । "मलाई पार्टीले टिकट दिएको पनि हो, पछि खोसिएको पनि हो । तर पार्टीले हार व्यहोरेको छ, त्यसको जिम्मेवारी लिन म तयार छु," उहाँले उक्त भनाई भनेको केही मिनेटमा उहाँ ढलेसंगै सदाको लागि संसारबाट बिदा हुनु भयो । मणिपाल शिक्षण अस्पतालका चिकित्सक डा. अविनास बस्नेतका अनुसार अस्पताल ल्याइँदासम्म थापाको मुटु र स्वासप्रश्वास चलेको अवस्था थिएन । प्रारम्भिक रूपमा सम्भवत हृदयाघातका कारण मृत्यु भएको अनुमान गरिएको उहाँले बताउनुभयो । अस्पताल परिसरमा अहिले विभिन्न राजनीतिक दलका नेता-कार्यकर्ता, समर्थक तथा शुभेच्छुकहरूको भीड लागेको छ । थापाको शव हाल मणिपाल अस्पतालमै राखिएको छ ।

६६ वर्षीय थापा २०५४ सालमा पोखरा उपमहानगरपालिकाको मेयर निर्वाचित हुनु भएको थियो । उहाँले २०७४ सालमा गण्डकी प्रदेशसभा सदस्यका रूपमा समेत जिम्मेवारी सम्हाल्नु भएको थियो । यसैबिच, पोखरा महानगरपालिकाका नगर प्रमुख धनराज आचार्यले थापाको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै पोखराको विकास र समृद्धिमा उहाँले पुऱ्याएको योगदानलाई नागरिकहरूले सदैव स्मरण गर्ने बताउनु भएको छ । उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै मेयर आचार्यले शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गर्नु भएको छ ।

## गण्डकीमा रास्वपालाई समानुपातिकतर्फ पाँच लाख मत

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

गण्डकी प्रदेशमा राष्ट्रिय स्वतन्त्र पार्टीले समानुपातिकतर्फ पाँच लाख बढी मत प्राप्त गरेको छ ।

गण्डकी प्रदेशका ११ वटा जिल्लामा कुल १८ निर्वाचन क्षेत्रमध्ये प्रत्यक्षतर्फ १५ क्षेत्रमा विजयी बनेको पार्टीले समानुपातिकतर्फ पनि सर्वाधिक मत प्राप्त गरेको प्रदेश निर्वाचन कार्यालय पोखराका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिनुभयो । सूचना अधिकारी न्यौपानेले उहाँका अनुसार प्रदेशमा राष्ट्रिय स्वतन्त्र पार्टीले कुल पाँच लाख २५ हजार ६३५ मत प्राप्त गरेको छ भने नेपाली कांग्रेसले दुई लाख सात हजार ३८७ मत प्राप्त गरेको छ। नेकपा (एमाले)ले एक लाख ५२ हजार ५८७ मत प्राप्त गरेको छ भने नेपाली कम्युनिष्ट पार्टीले ५७ हजार ८७६ मत प्राप्त गरेको छ । निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीले २३ हजार ५५६ मत र श्रम संस्कृति पार्टीले १८ हजार ९९ मत प्राप्त गरेको छ ।

प्रदेशमा राष्ट्रिय जनमोर्चाले सात हजार ७७०, राष्ट्रिय परिवर्तन पार्टीले तीन हजार २२६, मङ्गल नेसनल अर्गनाजेसनले दुई हजार ८५५, प्रगतिशील लोकतान्त्रिक पार्टीले दुई हजार ५४८, नेपाली जनता संरक्षण पार्टीले एक हजार ९४९, राष्ट्रिय मुक्ति आन्दोलन नेपालले एक हजार ४१९, नेपाल कम्युनिष्ट पार्टी माओवादीले एक हजार ३७८, नेसनल रिपब्लिक नेपालले एक हजार ३४४ र जनमत पार्टीले एक हजार २११ मत प्राप्त गरेका छन् ।

## समानुपातिकतर्फको सिट संख्या सार्वजनिक

**रासस**
काठमाडौं, २८ फागुन

निर्वाचन आयोगले समानुपातिकतर्फ निर्वाचित हुने गरी दलले प्राप्त गर्ने सिट संख्या निर्धारण गरी सार्वजनिक गरेको छ ।

आयोगले शुक्रबार विज्ञप्ति जारी गरी समानुपातिक निर्वाचन प्रणालीतर्फको सम्पूर्ण मतगणना सम्पन्न गरी प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६०(२) अनुसार सम्बन्धित दलहरुले प्राप्त गरेको कूल सदर मत संख्याका आधारमा प्रचलित निर्वाचन कानुन बमोजिम तोकिएको थ्रेसहोल्ड (तीन प्रतिशत) पार गर्ने देहायका ६ दलबाट निम्नानुसारको संख्यामा उम्मेदवार निर्वाचित हुने गरी दलले प्राप्त गर्ने सिट संख्या निर्धारण भएको जनाएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले ५७ सिट, नेपाली कांग्रेसले २०, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)ले १६, नेपाली कम्युनिष्ट पार्टीले नौ तथा श्रम संस्कृति पार्टीले र राष्ट्रिय प्रजातन्त्र पार्टीले चार/चार सिट प्राप्त गरेका छन् । समानुपातिक निर्वाचन प्रणालीतर्फको सम्पूर्ण मतगणना सम्पन्न भई प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६० अनुसार आयोगको आजको निर्णय बमोजिम सिट बाँडफाँटसमेत गरिएको हो । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा कूल एक करोड ८९ लाख ३ हजार ६८९ मतदातामध्ये पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ एक करोड ११ लाख ६८ हजार ३२ जनाले मतदान गरेका र त्यसमध्ये एक करोड ५ लाख ५९ हजार १७ (९४.५५%) मत सदर भएको छ । त्यस्तै समानुपातिक निर्वाचन प्रणालीतर्फ एक करोड १२ लाख ८० हजार ६१७ जनाले मतदान गरेकामा एक करोड ८ लाख ३५ हजार २५ (९६.०५%) मत सदर भएको छ ।

उल्लिखित सिट संख्याअनुसार ऐनको दफा ६०(४), प्रतिनिधिसभा सदस्य निर्वाचन नियमावली, २०७४ को नियम ४१ तथा प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०८२ को दफा ३५ बमोजिम तीन दिनभित्र उम्मेदवारको नाम छनोट गरी आयोगसमक्ष पेस गर्न सम्बन्धित राजनीतिक दललाई आजै पत्राचार गरिएको आयोगले जनाएको छ ।

## राससद्वारा पोखरामा आमसञ्चार विकास तथा अनुसन्धान केन्द्र निर्माणको पहल

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

राष्ट्रिय समाचार समिति (रासस)ले गण्डकी प्रदेशको राजधानी पोखरामा 'गण्डकी आमसञ्चार विकास तथा अनुसन्धान केन्द्र' निर्माणका लागि पहल अगाडि बढाएको छ ।

बिहीबार राससका कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले उक्त अनुसन्धान केन्द्र निर्माणसम्बन्धी प्रस्ताव गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलाई हस्तान्तरण गर्नुभएको । सो अवसरमा मुख्यमन्त्री पाण्डेले आमसञ्चार विकास तथा अनुसन्धान केन्द निर्माण गर्ने राससको प्रस्तावप्रति प्रदेश सरकार सकारात्मक रहेको बताउनुभयो । "आमसञ्चार क्षेत्रको विकासका लागि राससले अगाडि सारेको योजना समयसापेक्ष र महत्वपूर्ण छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "राससबाट प्राप्त प्रस्तावलाई थप अध्ययन गरी आवश्यक निर्णयमा पुग्छौं ।" उहाँले सत्यतथ्य, आधिकारिक र



विश्वसनीय समाचारमार्फत आम नागरिकलाई सूसुचित गराउँदै आएको मुलुकको एकमात्र समाचार समिति रासससँग प्रदेश सरकारले सहकार्य र समन्वय गर्ने बताउनुभयो । राससका कार्यकारी अध्यक्ष झाले राससले आफ्नो सेवा विस्तारसँगै प्रदेश सरकार र स्थानीय तहसँग सहकार्यको नीति लिएको बताउनुभयो ।

पोखरा महानगरपालिका-९ नयाँ बजारस्थित राससको गण्डकी प्रदेश कार्यालय रहेको स्थानमा आमसञ्चार विकास तथा अनुसन्धान केन्द्र निर्माण गर्न आर्थिकलगायत आवश्यक सहयोगका लागि प्रदेश सरकारसँग प्रस्ताव अगाडि बढाइएको उहाँको भनाइ छ । कार्यकारी अध्यक्ष झाले राससको प्रस्तावमा प्रदेश सरकारको सकारात्मक दृष्टि रहने विश्वास व्यक्त गर्नुभयो । "प्रदेश सरकारले बहुवर्षीय योजनाअन्तर्गत आमसञ्चार विकास तथा अनुसन्धान केन्द्र निर्माणका लागि आर्थिक स्रोत व्यवस्थापन गरोस् भन्ने राससको माग र अपेक्षा छ", कार्यकारी अध्यक्ष झाले भन्नुभयो, "प्रदेश संरचनामा गइसकेको राससको सेवा विस्तार र स्तरोन्नतिमा प्रदेश सरकारले पनि अपनत्व लिनुपर्छ ।" गण्डकी प्रदेशभित्रका समाचार, तस्बिर, श्रव्य र श्रव्यदृश्य सामग्री प्राथमिकताका आधारमा सम्प्रेषण गर्ने विषयमा प्रदेश सरकारसँग सहकार्य भइरहेको उहाँले बताउनुभयो । "गण्डकी प्रदेश सरकारका काम कारबाही, नीति तथा योजनाबारे समाचार सम्प्रेषण गरी आम नागरिकसम्म पुऱ्याउन राससले प्रदेश सरकारसँग सहकार्य गर्दै आएको छ", कार्यकारी अध्यक्ष झाले भन्नुभयो, "आगामी दिनमा प्रदेश सरकारसँगको सहकार्य र समन्वयलाई थप सुदृढ पार्न रासस तयार छ ।" नयाँ बजारस्थित राससको आफ्नै जग्गामा उक्त केन्द्र निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर)समेत तयार भइसकेको छ । करिब तीन रोपनी क्षेत्रफलको उक्त जग्गामा भूमिगत पार्किङसहितको व्यावसायिक भवन बनाउने राससको योजना छ । 'गण्डकी आमसञ्चार विकास तथा अनुसन्धान केन्द्र'


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## साहको नाम कालोसूचीमा राख्ने निर्णय कार्यान्वयन नगर्न आदेश

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

सर्वोच्च अदालतले धनुषा-१ बाट प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार किशोरी साह कमलको नाम कालोसूचीमा राख्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको छ ।

न्यायाधीश शारङ्गा सुवेदीको एकल इजलासले आज साहको रिट निवेदनमाथि प्रारम्भिक सुनुवाइ गर्दै तत्काल कालोसूचीमा राख्न निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश गरेको हो ।

आदेशमा भनिएको छ, "कर्जा सूचना केन्द्र लिमिटेड पत्रबाट देखिएका सन्दर्भमा रिट निवेदकलाई कालोसूचीमा राख्ने गरी भएको निर्णयको औचित्य पनि नहुने भएकाले प्रस्तुत निवेदनको अन्तिम टुङ्गो लाग्दा ठहरेबमोजिम हुने नै हुँदा हाल निवेदकलाई कालोसूचीमा राख्ने गरी भएको निर्णय, सो कामकारबाही कार्यान्वयन नगर्नु, नगराउनु ।"

साहको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम परेको उल्लेख गर्दै निर्वाचन आयोगले उम्मेदवारी खारेज हुने निर्णय गरेको थियो ।

उक्त निर्णयविरुद्ध साहले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरा रंगशालामा 'फ्लड लाइट' अभाव

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

पोखरा रङ्गशालामा गत माघ २७ देखि फागुन ९ गतेसम्म सञ्चालित २५औँ संस्करणको आहा ! रारा पोखरा गोल्डकप फुटबल प्रतियोगिता रात्रिकालीन समयमा खेलाउने प्रयास सफल हुन सकेन ।

अस्थायी 'फ्लड लाइट' राखेर उद्घाटन खेल सञ्चालन गरिए पनि मैदाननमा पर्याप्त प्रकाश नपुगेका कारण अन्य प्रतियोगिता दिउँसोकै समयमा सार्नुपर्‍यो । आयोजक सहारा क्लब पोखराले पहिलोपटक पोखरामा रात्रिकालीन फुटबलको अनुभव दिलाउन गरेको उक्त प्रयासले अन्तरराष्ट्रिय स्तरको पोखरा रङ्गशालामा 'फ्लड लाइट' जडानका लागि सम्बन्धित निकायलाई सकारात्मक दबाब भने पुगेको क्लबको ठहर छ ।

"रात्रिकालीन फुटबल प्रतियोगिता खेलाउन हामीले प्रयास गर्‍यौं, तर पहिलोपटक भएका कारण केही प्राविधिक समस्या पनि रहे, खेलाडी र दर्शकबाट प्रकाश नपुगेको गुनासो आयो," क्लबका अध्यक्ष केशवबहादुर थापाले भन्नुभयो, "निजी क्षेत्रको क्लबले अस्थायी रूपमा भए पनि फ्लड लाइट राखेर प्रतियोगिता सञ्चालनको प्रयास गर्नु आफैँमा महत्वपूर्ण छ, यसले राज्यका सम्बन्धित निकायमा पनि सकारात्मक दबाब पुगेको हामीले महसुस गरेका छौँ ।"

अन्तरराष्ट्रिय स्तरका प्रतियोगिता सञ्चालनका लागि पोखरा रङ्गशालामा 'फ्लड लाइट' अनिवार्य रूपमा राख्नुपर्ने उहाँले बताउनुभयो । ठूलो धनराशि खर्चेर बनाइएको उक्त रङ्गशालामा 'फ्लड लाइट' जडानको योजना अझै कार्यान्वयनमा आउन सकेको छैन । तत्कालीन भौतिक पूर्वाधार विकास तथा ऊर्जामन्त्री कुलमान घिसिङले गत मङ्सिरमा रङ्गशाला निरीक्षणका क्रममा पनि 'फ्लड लाइट' जडानको योजना अगाडि बढाउने प्रतिबद्धता जनाउनुभएको थियो । "पोखरा रङ्गशालामा फ्लड लाइट जडानको माग पटकपटक उठ्दै आएको छ, विभिन्न कारण देखाउँदै अहिलेसम्म जडान गरिएको छैन", सहारा क्लबका अध्यक्ष थापाले भन्नुभयो, "अब बन्ने नयाँ सरकारले फ्लड लाइटका लागि योजना र बजेट ल्याउँछ कि आशा गरौँ ।"

खेल क्षेत्रमा रहेको केन्द्रीकृत मानसिकताका कारण पनि राजधानीबाहिर खेल पूर्वाधारको अवस्थामा अपेक्षित सुधार आउन नसकेको अध्यक्ष थापाको भनाइ छ । 'फ्लड लाइट' नहुँदा पोखरामा रात्रिकालीन खेल गतिविधि सञ्चालन गर्न नसकिएको उहाँले बताउनुभयो । अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा)को मान्यता पाउन पनि रङ्गशालामा 'फ्लड लाइट' अनिवार्य हुनुपर्ने व्यवस्था छ । १६ हजार ५०० दर्शक क्षमताको स्तरीय रङ्गशाला भईकन पनि 'फ्लड लाइट' नहुनुलाई खेल क्षेत्रका पदाधिकारी दुःखद मान्छन् ।

पश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिले बजेट अभावमा पोखरा रङ्गशालामा 'फ्लड लाइट' जडान हुन नसकेको जनाएको छ । 'फ्लड लाइट'का लागि करिब १२ करोडको लागत अनुमान गरिएको छ । राष्ट्रिय खेलकुद परिषद्ले केही वर्षअघि 'फ्लड लाइट'का लागि छुट्याएको रु पाँच करोड बजेट कोभिड-१९ महामारीका कारण काम हुन नसकी फिर्ता भएको थियो । देशकै ठूलो र सुविधायुक्त यस रङ्गशालाको सञ्चालन तथा व्यवस्थापनमा सङ्घ र प्रदेश सरकारबीच सहकार्य हुनुपर्ने आवाज खेल क्षेत्रमा उठ्दै आएको छ । अन्तरराष्ट्रिय स्तरको भएर पनि 'फ्लड लाइट' नहुँदा पोखरा रङ्गशालाको उपयोगिता खुम्चिएको भन्दै चिन्ता व्यक्त हुने गरेको छ । अन्तरराष्ट्रिय स्तरका प्रतियोगिता सञ्चालनका लागि रङ्गशालामा फ्लड लाइटलगायत अन्तरराष्ट्रिय मापदण्डका पूर्वाधार आवश्यक पर्छ । पोखरामा रात्रिकालीन प्रतियोगिता सञ्चालन गर्न सकेमा रङ्गशालाबाट राज्यले पनि लाभ लिने र खेल गतिविधि बढ्दा यहाँको आर्थिक क्षेत्र पनि चलायमन हुने जनाइएको छ ।

साँझ र रात्रिपख खेलकुद प्रतियोगिता सञ्चालन गर्दा जागिरे र कामकाजी व्यक्तिले समेत खेलबाट फाइदा लिन सक्नेछन् । प्रतियोगिता मात्रै नभएर रात्रिकालीन खेल अभ्यासका लागि पनि रङ्गशालामा 'फ्लड लाइट' अत्यावश्यक रहेको नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका पूर्वअध्यक्ष दीनानाथ बरालले बताउनुभयो । यो विषय उठ्ने गरे पनि राज्यका खेल सम्बद्ध निकायले बेवास्ता गर्ने गरेको उहाँको भनाइ छ । तीन वर्षअघि पोखरामा सञ्चालन भएको नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअघि नै बत्ती जडान गर्ने राखेपको प्रतिबद्धता पनि त्यो बेला पूरा हुन सकेन । रु एक अर्ब २८ करोडको लगानीमा छ वर्षअघि पोखरा रङ्गशाला निर्माण गरिएको थियो । हाल १६ हजार ५०० दर्शक क्षमता रहेकामा त्यसलाई बढाएर २० हजार पुर्‍याउने सरकारको योजना छ ।

# वैवाहिक बर्षगाँठको अवसरमा पोखरा वृद्धाश्रममा भोजन

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन



बैवाहिक जीवनको पच्चिस बर्ष पुरा भएको अवसरलाई मानवसेवामा रुपान्तरण गर्दै यहाँका एक जना सञ्चारकर्मीले पोखरा वृद्धाश्रममा आश्रित जेष्ठनागरिकको लागि भोजनको व्यवस्था गर्नुभएको छ ।

नेपाल टेलिभिजन पोखरा समाचार दाता गिरिधारी पोखरेलले आफ्नो वैवाहिक बर्षगाँठ वृद्धाश्रमका बुवा आमासंग मनाउनु भएको हो ।

सामान्यतया यस्ता खुशीका क्षण तारे होटल वा औपचारिक कार्यक्रममार्फत मनाइने प्रचलन बढि रहेको वर्तमान अवस्थामा शर्माले त्यस्तो फजुल खर्च कटाएर समाजका असहाय र विपन्न जेष्ठ नागरिकसंग खुशी साट्ने निर्णय गरेको बताउनु भयो । श्रीमती लक्ष्मी, छोरा सुमित र छोरी समृद्धि पोखरेल तथा दाजु ऋषिराम पोखरेलले आश्रममा आश्रित जेष्ठनागरिकलाई खानाको व्यवस्था गर्नुभएको थियो ।

समाजका विपन्न एवम् असहाय जेष्ठ नागरिकको पालन पोषण गर्ने मुख्य लक्ष्यका साथ २०५२ सालमा स्थापना भएको आश्रममा हाल सेवक सेवीका सहित ४५ जना रहेको पोखरा वृद्धाश्रमका अध्यक्ष कुशुमकेशव पराजुलीले जानकारी दिनुभयो ।

प्रत्येक महिना चार लाख ५० हजार भन्दा बढी खर्च हुने गरेको बताउँदै उहाँले भन्नुभयो पछिल्लो समय वैवाहिक एवम् जन्मोत्सव जस्ता खुशीका क्षण तथा पित्रीको सम्झनामा दाताहरुले सहयोग गर्दै आउनु भएको छ ।

उहाँका अनुसार व्यक्तिगत खुशीलाई समाजसेवासंग जोड्दै गरिएको यस्तो कार्यले वृद्धाश्रम सञ्चालनमा महत्वपूर्ण सहयोग पुगेको बताउँदै खानाको लागि १५ हजार रुपैया आश्रमले लिने गरिएको छ । हाल आश्रममा ४५ जना विपन्न तथा असहाय जेष्ठनागरिक आश्रित हुनुहुन्छ ।

# आधा सिलिण्डर ग्याँस बजारमा जाने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

विश्व बजारमा देखिएको ग्याँस अभावका कारण शुक्रबार देखि पोखरा सहित देशभर आधा भरिएको एलपी ग्याँस सिलिण्डर बजारमा पठाइने भएको छ ।

गृह लक्ष्मी ग्याँस उद्योगका सञ्चालक धर्मराज वर्तौलाका अनुसार नेपाल आयल निगमको निर्देशनअनुसार ग्याँसको अभाव व्यवस्थापन गर्न अस्थायी रूपमा आधा सिलिण्डर मात्रै वितरण गरिने व्यवस्था लागू गर्न लागिएको हो । उहाँले बिहीबारसम्म बिल काटेर वितरणका लागि पठाइएका सिलिण्डरहरू बाहेक शुक्रबारदेखि भने बजारमा आधा भरिएको सिलिण्डर मात्रै पठाइने जानकारी दिनुभयो । विश्व बजारमा देखिएको आपूर्ति समस्या र ग्याँसको माग बढेकाले यस्तो व्यवस्था लागू गर्नुपरेको उहाँको भनाइ छ । यस अवस्थालाई मध्यनजर गर्दै वर्तौलाले सकेसम्म बिहान र दिउँसोको समयमा विद्युत प्रयोग गरेर खाना तथा खाजा पकाउने बानीको विकास गर्न उपभोक्तालाई आग्रह गर्नुभएको छ । "विद्युतको प्रयोग बढाउन सके ग्याँसको दबाब केही कम हुन्छ," उहाँले भन्नुभयो। ग्याँस आपूर्तिमा देखिएको समस्या समाधान नहुँदासम्म यो व्यवस्था केही समय कायम रहने सम्भावना रहेको उद्योग स्रोतले जनाएको छ । इरान र अमेरीकाको युद्धका कारण हाल पुर्वी देशहरुमा ग्याँसको सहज आपूर्ति नभएको नेपाल आयल निगमले जनाएको छ ।

अहिलेको अबस्थामा कृतिम अभाव अनावश्यक घरमा जोहो नगर्न समेत निगमनले उपभोक्तामा अनुरोध गरेको छ ।

# रासससद्वारा...

रहने उक्त भवनमा सुविधासम्पन्न कार्यालय, सभाकक्ष, रेडियो, टेलिभिजन स्टुडियो, खाजाघर, भोजनालयलगायत संरचना बन्ने जनाइएको छ । प्रदेश सरकारसँगको साझेदारीमा बन्ने उक्त केन्द्रमार्फत नागरिकको सूचनाको हक सुनिश्चित गर्न, सङ्घ, प्रदेश र स्थानीय तहका निर्णय सहज रुपमा प्राप्त गर्न, डिजिटल प्रविधिमा आधारित पत्रकारिताको विकास र पत्रकारको दक्षता अभिवृद्धिमा टेवा पुग्ने रासससले विश्वास लिएको छ । प्रदेशस्तरमा डिजिटल साक्षरता र पारदर्शी प्रशासनलाई सुशासन कायम गर्नमा सहयोग पुर्‍याउने अपेक्षा लिइएको छ । मुख्यमन्त्री पाण्डेसँगको भेटमा कार्यकारी अध्यक्ष झासहित, राासस गण्डकी प्रदेश कार्यालयका प्रमुख वासुदेव पौडेललगायतको सहभागिता थियो ।

# प्रधानमन्त्री कप छनोट प्रतियोगिताले गण्डकीका प्रतिभाशाली क्रिकेटरलाई राष्ट्रिय स्तरमा पुर्‍याउने : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन



गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले प्रधानमन्त्री कप गण्डकी प्रदेश पुरुष एकदिवसीय छनोट प्रतियोगिताले प्रदेशका प्रतिभाशाली क्रिकेट खेलाडीहरूलाई राष्ट्रिय स्तरमा पुग्ने महत्वपूर्ण अवसर प्रदान गर्ने बताएका छन् ।

गण्डकी प्रदेश क्रिकेट संघद्वारा विहिबार आयोजना गरिएको प्रधानमन्त्री कप गण्डकी प्रदेश पुरुष एक दिवसीय छनोट प्रतियोगिताको उद्घाटन कार्यक्रममा बोल्दै उनले खेलकुद केवल प्रतिस्पर्धाको माध्यम मात्र नभई अनुशासन, एकता, स्वास्थ्य र राष्ट्रिय गौरवसँग जोडिएको महत्वपूर्ण क्षेत्र भएको बताए ।

मन्त्री थापाले क्रिकेट आज नेपाली युवाहरूको सबैभन्दा लोकप्रिय खेलको रूपमा स्थापित भइसकेको उल्लेख गर्दै यसले युवाहरूमा ऊर्जा, आत्मविश्वास र सकारात्मक सोच विकास गर्न महत्वपूर्ण भूमिका खेलेको उल्लेख गरे । उनले यस्ता प्रतियोगिताहरूले प्रदेशभित्र रहेका प्रतिभाहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्नुका साथै राष्ट्रिय टिमसम्म पुग्ने आधार तयार गर्ने बताए ।

गण्डकी प्रदेशमा रहेका प्रतिभाशाली खेलाडीहरूको पहिचान गरी उनीहरूलाई राष्ट्रिय स्तरसम्म पुर्‍याउन यस प्रकारका छनोट प्रतियोगिताहरू अत्यन्त आवश्यक रहेको भनाई उनको छ । मन्त्री थापाले गण्डकी प्रदेश सरकार खेलकुद क्षेत्रको विकास, खेल पूर्वाधार विस्तार, खेलाडीहरूको क्षमता अभिवृद्धि तथा खेल संस्कृतिको प्रवर्द्धनका लागि प्रतिबद्ध रहेको पनि स्पष्ट पारे। प्रदेशका विभिन्न स्थानमा खेल मैदान निर्माण, प्रशिक्षण कार्यक्रम सञ्चालन तथा विभिन्न प्रतियोगिताहरू आयोजना गर्दै युवाहरूलाई खेलकुदतर्फ आकर्षित गर्ने प्रयास निरन्तर भइरहेको उनले सुनाए ।

गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष संजय कान्त सिग्देलले गण्डकी प्रादेशिक क्रिकेट संघ क्रिकेटको विकासका लागि सक्रिय रहेको बताए । नेपाली क्रिकेट खेलाडीहरु विश्वकपमा नै पुग्नु सुखद भएको भनाई उनको छ । क्रिकेटको स्तरोन्नतिका लागि सरकारबाट बजेटको राम्रो व्यवस्थापन हुन सके भविष्य राम्रो भएको उनले बताए ।

# मा.सांसद महाविर पुनलाई दुर्व्यवहार गर्ने ४३ वर्षका विकास गुरुङ पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन

प्रतिनिधिसभा सदस्य एवं राष्ट्रिय आविष्कार केन्द्रका संस्थापक डा.महाविर पुनलाई दुर्व्यवहार गर्ने ४३ वर्षका विकास गुरुङलाई प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय कास्कीले पोखरा महानगरपालिका-१३ बाँझापाटन बस्ने गुरुङलाई बुधबार पोखरा-९ महेन्द्रपुलबाट पक्राउ गरिएको कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक हरिबहादुर बस्नेतले बताउनु भयो । हालसम्म यस बिषयमा कुनै उजुरी नपरेको प्रहरी श्रोतले जनाएको छ । उहाँमाथि थप अनुसन्धान प्रक्रिया अगाडि बढाइएको उहाँले जनाउनु भयो ।

पोखराको पृथ्वीचोकमा डा. पुनले पुस्तक बिक्री गरिरहेको क्रममाअभद्रव्यवहारगर्नेव्यक्तिको खोजतलासपछि पक्राउ गरिएको उहाँले बताउनुभयो। उक्त घटनापछि सामाजिक सञ्जाल तथा सञ्चार माध्यममा सांसदमाथि दुर्व्यवहार गर्ने व्यक्तिमाथि कारबाही गर्न माग उठेको थियो । फागुन २५ गते पोखरा-९ पृथ्वीचोकमा डा.पुनसहितको टोलीले "महाविर पुन : सम्झना, सपना र अविरल यात्रा" नामक पुस्तक बिक्री गरिरहेको बेला एक व्यक्तिले अपशब्द प्रयोग गर्दै अभद्र व्यवहार गरेको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएको थियो ।

सोही घटनाको सूक्ष्म अनुसन्धानपछि विकास गुरुङलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । प्रहरी अभिलेख अनुसार गुरुङ यसअघि लागुऔषध सम्बन्धी मुद्दामा तीन पटकसम्म सजाय भोगिसकेको पनि खुलेको प्रहरीले जनाएको छ ।

यसैबीच, राष्ट्रिय आविष्कार केन्द्र सञ्चालनका लागि आवश्यक आर्थिक स्रोत जुटाउने अभियान अन्तर्गत डा. पुनले पोखराका विभिन्न स्थानमा पुगेर आफ्नो जीवनकथामा आधारित पुस्तक बिक्री गर्दै आउनुभएको छ । सोमबार पोखराको अमर सिंहचोक, पृथ्वीचोक लगायतका स्थानमा पुगेर उहाँले स्वयम् पुस्तक बिक्री गर्नुका साथै पाठकलाई हस्ताक्षरसहित पुस्तक हस्तान्तरण गर्नुभएको थियो ।

बुधबार पोखरामा मात्रै पुस्तक बिक्रीबाट करिब ८ लाख रुपैयाँभन्दा बढी रकम संकलन भएको उहाँ निकट स्रोतले जनाएको छ। यसैक्रममा बिहीबार रामबजार र सृजनाचोकमा पुस्तक बिक्री गर्दा पुस्तक सकिएपछि पुनले अर्को सूचना जारी गरेर मात्र पुनः बिक्री गर्ने जानकारी दिनुभएको थियो ।

केन्द्र सञ्चालन तथा वीरगञ्ज कृषि औजार कारखाना सुधार र सञ्चालनका लागि रकम जुटाउने उद्देश्यले पुनले देशका विभिन्न स्थानमा पुगेर पुस्तक बिक्री अभियान सञ्चालन गर्दै आउनुभएको छ। उहाँले यसअघि पनि देशका विभिन्न जिल्लामा पुगेर करोडौं रुपैयाँ बराबरको पुस्तक बिक्री गरिसक्नुभएको छ।


## तनाव व्यवस्थापनमा परिवारको भूमिका

- परिवारका सदस्यको कुरा ध्यानपूर्वक सुनौं र सहानुभूति प्रकट गरौं ।
- स्वस्थ जीवनशैली अपनाउन प्रोत्साहन गरौं ।
- सामाजिकरूपमा सक्रिय रहन सहयोग गरौं ।
- घरपरिवारका सदस्यसँग नियमित कुराकानी गरौं ।
- जीवनका स-साना प्रयास वा उपलब्धिमा खुशी मनाऔं ।
- साथी तथा इष्टमित्रसँग भेटघाट गर्ने बानी बसालौं ।

आवश्यक परेमा मनोपरामर्शकर्तासँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
## माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

आफूले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

– पल क्लिबेरोई

## सम्पादकीय

# ग्यासको अभाव आधा सिलिन्डरबाट पूर्ति हुँदैन

अमेरिका इरान युद्धका कारण नेपालमा पेट्रोलियम पदार्थको अभाव देखिन थालेको छ । पेट्रोलियम पदार्थको अभाव हुन नदिन भारतले उपभोक्ताफाई प्राथमिकता दिन थालेको छ । नेपालले पनि त्यही तरिका अपनाउन खोजेको छानेपालमा भान्सा चलाउन खाना पकाउने ग्यासको आपूर्ति सहज हुनुपर्छ । खाना पकाउने ग्यासको लागि बेला वित्न थालेपछि आधा सिलिन्डर बाँड्ने नीति लिएको छ । शुक्रबारदेखि द अनिश्चितकालका लागि 'आधा सिलिन्डर ग्यास' बिक्री वितरण हुने भएको छा नेपाल आयल निगमले सूचना जारी गरेर एलपी ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित बनाई आम उपभोक्ताको माग बमोजिम ग्यास उपलब्ध हुने अवस्थाको सहजीकरण गर्नका लागि आधा तौलको सिलिन्डर बाँड्ने व्यवस्था गरिएको जनाएको छ ।

शुक्रबारदेखि लागू हुने गरी अर्को निर्णय नभएसम्म ग्यास सिलिण्डरमा ७.१ केजि एलपि ग्यास भरी प्रति सिलिण्डर आधा मूल्य ९५५ रुपैयाँमा बिक्री वितरण गर्ने निर्णय गरेको निगमले जनाएको छ । निगमले एलपि ग्यासको आपूर्ति तथा वितरण प्रणालीलाई व्यवस्थित बनाई आम उपभोक्ताको माग बमोजिम ग्यास उपलब्ध गराउन गरिएको निर्णय व्यवहारिक छैन । निगमले नियमित रूपमा माग अनुरूप नै एलपि ग्यासको आयात तथा वितरण गरिरहेको भए तापनि विगत दुई/तीन महिनादेखि काठमाडौं उपत्यकामा ग्यासको माग उच्च देखिएको निगमले जनाएको छा चुनाव अघि नै अपनाउनु पर्नेमा चुनावपछि लागू गर्ने निर्णय कर्मकाण्डी हो ।

नेपालमा सबैभन्दा धेरै उपभोक्ताहरूले ग्यास अभाव, लामो प्रतीक्षा र महँगो मूल्यको सामना गरिरहेका छन् । यो संकटले नेपाली भान्सामा गम्भीर असर पारेको छ। पेट्रोलियम पदार्थको विकल्पमा विद्युत प्रयोग गर्न सकिन्छ। यस्तै खाना पकाउन विद्युतीय चुल्हो प्रयोग गर्न सकिन्छ । पेट्रोलियम पदार्थको विकल्पमा विद्युतको प्रयोगले आयात घट्ने र वैदेशिक व्यापारसमेत कम हुने देखिएको छ । तर विद्यमान पूर्वाधार अभावले गर्दा यसको पूर्ण कार्यान्वयन चुनौतीपूर्ण रहेको छ ।

नेपालमा बढ्दो ऊर्जा संकटलाई टार्न र परनिर्भरता घटाउन विद्युत् उत्पादनमा लगानी बढाउनुका साथै यसको वितरण र प्रसारण पूर्वाधारमा व्यापक सुधार गर्नु अपरिहार्य छ। यसका लागि सरकारले स्पष्ट र दीर्घकालीन ऊर्जा नीति निर्माण गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ। नेपालमा आयातको ठूलो हिस्सा पेट्रोलियम पदार्थ (डिजेल, पेट्रोल, एलपी ग्यासलगाय) ले ओगटेको देखिन्छ । आर्थिक वर्ष २०८१/८२ मा १८ खर्ब ४ अर्ब १२ करोड रुपैयाँको कुल आयातमा ३ खर्ब २६ अर्ब १४ करोड रुपैयाँको पेट्रोलियम पदार्थ छ। अर्थात् कुल आयातको १६.८१ प्रतिशत हिस्सा पेट्रोलियम पदार्थले ओगटेको छ । पेट्रोलियम संकटको समाधानका लागि विद्युत प्रयोगलाई एउटा महत्त्वपूर्ण विकल्प मानिन्छ । यद्यपि, नेपालमा विद्युत् उत्पादनको अवस्था र यसको वितरण पूर्वाधार क्षमताले यो विकल्प तत्कालै उपयुक्त देखिएको छैन । संभव विकल्प खोज्न सरकारले निजी क्षेत्रसंग सहकार्य गर्नु जरुरी छ।

# आयोगद्वारा निर्वाचन खर्च सार्वजनिक गर्न अनुरोध

**रासस**
काठमाडौं, २८ फागुन

निर्वाचन आयोगले उम्मेदवारलाई आफ्नो निर्वाचन खर्च विवरण बुझाउन अनुरोध गरेको छ ।

आयोगले बिहीबार विज्ञप्ति जारी गरी निर्वाचन सम्पन्न भएको मितिले ३५ दिनभित्र राजनीतिक दलले निर्वाचन आयोगमा र उम्मेदवारले आफ्नो जिल्लामा रहेको प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी तथा खर्चको विवरण तथा सो विवरण सार्वजनिक गरेको जानकारी गराउन अनुरोध गरेको हो। आफ्नो जिल्लामा रहेको प्रदेश/जिल्ला निर्वाचन कार्यालयको सूचना पाटी, सम्बन्धित गाउँपालिका वा नगरपालिका वा वडा कार्यालयको सूचना पाटी, राजनीतिक दलको जुनसुकै तहको कार्यालय वा वेबसाइट (राजनीतिक दलको तर्फबाट उम्मेदवार भएका उम्मेदवारको हकमा), आमसञ्चार माध्यम (पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि) वा सामाजिक सञ्जाल (फेसबुक, ट्विटर, इन्स्टाग्राम आदि) मा आफ्नो निर्वाचन विवरण सार्वजनिक गर्न आयोगको अनुरोध छ । निर्वाचन खर्चको विवरण नबुझाउने तथा सार्वजनिक नगर्ने एवं निर्वाचन खर्चको विवरण सार्वजनिक गरी त्यसरी सार्वजनिक गरेको विवरणको प्रमाणसहित लिखित जानकारी आयोग तथा सम्बन्धित निर्वाचन कार्यालयमा नदिने राजनीतिक दल तथा उम्मेदवारको हकमा निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ बमोजिम कारबाही हुने आयोगले जनाएको छ । निर्वाचन ऐन, २०७४ को दफा ७२ को उपदफा (४) बमोजिम निर्वाचन प्रचार प्रसारमा गरेको खर्चको विवरण पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ उम्मेदवारले सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा र समानुपातिक निर्वाचन प्रणालीतर्फको हकमा सम्बन्धित राजनीतिक दलले निर्वाचन आयोगसमक्ष तोकिएको ढाँचामा निर्वाचन प्रचारप्रसारमा भएको आम्दानी र खर्चको विवरण सार्वजनिक गर्नु भनिएको छ । निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (२) बमोजिम खर्चको विवरण सम्बन्धित सबैको जानकारीको लागि आयोगले तोके बमोजिम सार्वजनिक गर्नुपर्नेछ भन्ने कानुनी व्यवस्था छ ।



बल खेल्दै अटिजम भएका विद्यार्थी : जानकी माध्यमिक विद्यालय पोखरा-१७ महतगौडामा सञ्चालित अटिजम स्रोत कक्षाका विद्यार्थीलाई बल खेलाउँदै सहजकर्ता । पछिल्लोसमय पोखरा र आसपासमा अटिजमका बालबालिकाको संख्यामा वृद्धि भएसँगै महानगरले यो कक्षा सञ्चालनमा ल्याएको हो । तस्बिरः हरिप्रसाद बास्तोला/ रासस

# बढ्न थाल्यो सहरी क्षेत्रमा तापक्रम

**रासस**
काठमाडौं, २८ फागुन

देशका विभिन्न सहरमा यही फागुन २६ देखि २८ गतेसम्म अधिकांश स्थानमा अधिकतम तापक्रम क्रमशः बढ्दै गएको देखिन्छ । जल तथा मौसम विज्ञान विभागको तथ्याङ्कलाई हेर्दा स्थानमा सामान्य उतारचढाव मात्रै देखिएको छ।

विभागले सार्वजनिक गरेको विवरणअनुसार तराई तथा मधेसका धेरैजसो सहरमा तापक्रम क्रमशः बढ्दै गएको छ । राजधानीमा फागुन २६ गते अधिकतम तापक्रम २०-२२ डिग्री सेल्सियस रहेकोमा शनिबार बढेर २४ डिग्री पुगेको थियो । बिहीबार मध्यान्हसम्म भने २५.४ डिग्री सेल्सियस पुगेको छ। बिहीबार रातिको न्यूनतम तापक्रम भने १५-१७ डिग्रीकै हाराहारीमा रहने अनुमान गरिएको छ।

यसैगरी मध्यान्हसम्म सबैभन्दा बढी सिराहा र बाँकेको अधिकतम तापक्रम ३१ दशमलव १ डिग्री सेल्सियस पुगेको छ । सो समयमा मनाङ हुम्दे विमानस्थलको अधिकतम तापक्रम भने ३.२ डिग्री सेल्सियस रहेको छ । बिहीबार विराटनगरमा ३१-३३ डिग्री सेल्सियस पुग्ने अनुमान गरिएको छ । त्यस्तै नेपालगञ्जमा भने ३०-३२ डिग्री सेल्सियस आसपास रहने अनुमान गरिएको छ। गण्डकी प्रदेशको पोखरामा बिहीबार २६-२८ डिग्री सेल्सियस पुग्ने अनुमान गरिएको छ । हिमाली क्षेत्रतर्फ जुम्लामा २३-२५ डिग्री सेल्सियससम्म पुग्ने देखिएको छ भने जोमसोममा पनि १७-१९ डिग्री सेल्सियससम्म पुग्ने अनुमान गरिएको छ। समग्रमा आगामी तीन दिनमा देशका अधिकांश सहरमा दिउँसोको तापक्रम क्रमशः बढ्ने तथा मौसम सामान्यतया सफा रहने सम्भावना रहेको विभागले जनाएको छ । विभागका मौसमविद् सञ्जीव अधिकारीका अनुसार आज देशका अधिकांश स्थानमा मौसम सफा रहेको छ। "हावाको आर्द्रता बढेसँगै तापक्रममा पनि वृद्धि भएको छ । आगामी दिनहरूमा देशभर क्रमशः तापक्रम बढ्दै जाने सम्भावना रहेको छ," उहाँले भन्नुभयो।

# स्याङ्जाका बजारमा ग्यासको अनुगमन

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २८ फागुन

स्याङ्जामा खाना पकाउने ग्याससमा कृत्रिम अभाव सृजना गरी उपभोक्ता ठग्ने र कालोबजारी गर्ने सम्भावनालाई रोक्न जिल्लाका प्रमुख बजारमा स्थानीय प्रशासनले अनुगमन गरेको छ।

मध्यपूर्व एसियामा अमेरिका-इजराल र इरानबीच युद्ध चलेसँगै बजारमा ग्यासको कृत्रिम अभाव हुन नदिन अनुगमन गरिएको हो।

जिल्ला प्रशासन कार्यालयको अगवाईमा जिल्लाका प्रमुख व्यापारिक केन्द्रका ग्यास डिलर तथा पसलहरूको अवस्थाका बारेमा जानकारी लिन स्थलगत अनुगमन गरिएको छ। अनुगमन टोलीले जिल्लाका प्रमुख बजार पुतलीबजार, राङ्खोलाला, बयरघारी, वालिङ र गल्याङ लगायत क्षेत्रका ग्यास बिक्रेताको पसलमै गएर ग्यासको अनुगमन गरिएको छ।

टोलीले ग्यासको मौज्दात, वितरण प्रक्रिया र मूल्यबारे जाँच गरेको प्रशासनले कार्यालयले जनाएको छ । सहायक प्रमुख जिल्ला अधिकारी प्रेम सुवेदीको नेतृत्वमा खटिएको संयुक्त अनुगमन टोलीले सिलिन्डरको तौल, परिमाण तथा बिक्री वितरण गर्दा अनिवार्य रुपमा बिलबिजक



जारी गरिएको छ कि छैन भन्ने विषयमा समेत जाँचबुझ गरेको थियो।

जाँचबुझ तथा अनुगमनका क्रममा नियम विपरीत कारोबार गरेको भेटिएका केही डिलरलाई तत्काल दण्डजरिवाना गरिएको प्रशासनले जनाएको छ। बजार क्षेत्रका व्यवसायीलाई पनि व्यवसायी तथा व्यापारिक मापदण्ड पालना गर्न निर्देशन दिँदै सचेत गराइएको सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले बताए।

ग्यासको बजार अनुगमन टोलीमा एकीकृत सेवा कार्यालयकाप्रमुख जीवनपौडेल, जिल्ला प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक भिमबहादुर भण्डारी मगर, जिल्ला प्रशासन कार्यालयका लेखापाल रमेश विक र नायब सुब्बा बुद्धि प्रसाद शर्मा, उपभोक्ता मञ्च स्याङ्जाका अध्यक्ष राजेन्द्र मरासिनी र पत्रकारलगायतको सहभागिता रहेको थियो । अनुगमनपछि सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले जिल्लामा खाना पकाउने ग्यासको अभाव नभएको दाबी गरे । युद्धलाई देखाएर कृत्रिम अभाव सृजना गर्ने, महँगोमा बिक्री गर्ने वा अनावश्यक रूपमा ग्यास थुपारेर राख्ने व्यवसायीलाई कडा कारबाही गरिने समेत उनले चेतावनी दिए।

ग्यासको आपूर्ति श्रृंखला नियमित रहेकाले जिल्लामा तत्कालै ग्यासको अभाव नहुने जनाएको प्रशासनले उपभोक्तालाई निर्वाध रुपमा ग्यास उपभोग गर्न आग्रह गरेको छ। उपभोक्ताको हित संरक्षणका लागि जिल्लाका प्रमुख व्यापारिक केन्द्रहरूमा अनुगमन गर्ने कार्यलाई नियमित र निरन्तरता दिइने जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

# कालोसूचीमा पर्नेको सङ्ख्या छोटो बनाउनेतर्फ काम भइरहेको छ : गभर्नर

**रासस**
काठमाडौं, २८ फागुन

नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलले राष्ट्र बैंकले वित्तीय कारोबार गर्दा कालोसूचीमा पर्ने प्रावधानको विषयमा अध्ययन गरिरहेको बताउनुभएको छ।

बिहीबार यहाँ आयोजित एक कार्यक्रममा बोल्दै गभर्नर पौडेलले कालोसूचीमा राख्ने प्रावधानको विषयमा आफूले गम्भीरतापूर्वक अध्ययन गरिरहेको बताउनुभयो । "चेक ब्याउन्स हुने बित्तिकै कालोसूचीमा राख्ने विषयमा पनि हामीले अध्ययन गरिरहेका छौं," उहाँले भन्नुभयो, "कालोसूचीमा पर्नेहरूको सूची छोटो कसरी बनाउने विषयमा लागिरहेका छौं । चेक बाउन्स र बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका धेरै मान्छे कालोसूचीमा पर्ने गरेको देखिएको छ," उहाँले भन्नुभयो, "कालोसूचीमा राख्नुपर्ने कति हुन । कालोसूचीमा नराख्नुपर्ने कति हुन भन्ने विषयमा हामीले हेरिराखेका छौँ । त्यसको बारेमा मैले विस्तृत रुपमा हेरिरहेको छु ।"

गभर्नर पौडेलले धेरै कडाइ गरेर वा थुनेर मात्रै व्यापार/व्यवसाय मात्रै नभएर मुलुक पनि नचल्ने पनि बताउनुभयो । "व्यवसाय भनेको कलेज पढाएर मात्रै पुग्ने रैन्छ । त्यो व्यापार हुनका लागि विभिन्न खालका हन्डर र ठक्कर खाएपछि मात्रै व्यवस्थित ढङ्गले अघि बढ्ने हुँदा पनि त्यसलाई व्यवस्थित गराउनेतर्फ अग्रसर हुन जरुरी छ," उहाँले भन्नुभयो, "व्यवसायीलाई गाली गरेर मात्रै मुलुकको विकास नहुनेतर्फ पनि ध्यान दिन जरुरी छ। त्यसैले व्यवसायीलाई प्रवर्द्धन गरेर अघि बढाउन जरुरी छ ।" गभर्नर पौडेलले व्यवसाय गर्न खोज्नेले एक पटक गल्ती गर्दैमा दुःख दिन नहुने बताउनुभयो। फरक प्रसङ्गमा गभर्नर पौडेलले डिजिटल प्रविधिमा आधारित सूचना प्रविधि उद्योगलाई प्रोत्साहन गर्ने नीति अङ्गिकार गर्दै आइरहेको बताउनुभएको छ । उहाँले भविष्यमा ठूलो सम्भावना बोकेको क्षेत्र भएकाले पनि सूचना प्रविधि क्षेत्रलाई प्राथमिकतामा राख्दै आइरहेको बताउनुभयो।

"भाविष्यमा पनि सूचना प्रविधि उद्योगहरु धेरै वृद्धि हुन्छ भन्ने अपेक्षा राखेका छौँ," उहाँले भन्नुभयो, "हामीले बैंक तथा वित्तीय संस्थालाई पनि डिजिटलाइजेसनतर्फ अघि बढ्नका लागि अनुरोध गर्दै आइरहेका छौँ ।" गभर्नर पौडेलले विगतमा वीरगञ्जमा फोटो स्टुडियो र गाडीको वर्कसप तथा ग्यारेज सेन्टरहरु पर्याप्त भए पनि अहिले तिनीहरु क्रमशः कम हुँदै गइरहेको पनि बताउनुभयो।


## शिक्षक आवश्यकता

शुक्लागण्डकी नगरपालिका शिक्षा शाखा, तनहुँको च.नं. १४५१ पत्र संख्या ०८२/०८३ को मिति २०८२/११/२७ को प्राप्त पत्र अनुसार साथै यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/११/२७ को निर्णय अनुसार यस विद्यालयमा करार (अस्थायी) सेवामा शिक्षक पदपूर्तिका लागि विज्ञापन अनूमति प्राप्त भएकाले उल्लेखित योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट तपशिलका उल्लेखित कागजात सहित सूचना प्रकाशित मितिले १५ दिनभित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

**तपशिल**

**विज्ञापन नं.** ०२/२०८२/२०८३

१) पदः शिक्षक २) संख्याः १ जना
३) तह : प्राथमिक तह ४) श्रेणी : तृतीय
५) किसिमः करार (अस्थायी)
६) तबल स्केलः नेपाल सरकारको प्रचलित नियम अनुसार।
७) उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८) आवश्यक कागजपत्रहरुः हस्तलिखित निवेदन, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरु, नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान।
९) परीक्षा दस्तुर : रु १०००।-
१०) परीक्षाको किसिम : लिखित र अन्तरवार्ता
११) शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट + २ उत्तीर्ण वा सो सरह
१२) दरखास्त आइसक्नु पर्ने अन्तिम मितिः २०८२/१२/१२ गते ४:०० बजेसम्म
१३) सम्पर्क मितिः २०८२/१२/१३ गते ।
१४) विद्यालयको आवश्यकता अनुसार मावि तह नेपाली विषयको अध्यापन अनुमति पत्र प्राप्त वा अनुभवीलाई विशेष प्राथमिकता दिइने छ।
सम्पर्कको लागिः ९८४६००५१८४, ९८५६०५८००८

**श्री राजपुर माध्यमिक विद्यालय**
**शुक्लागण्डकी नगरपालिका-११, तनहुँ**


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : व्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : शुभ यात्रा | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : शत्रुको भय | मीन | : मानसिक तनाव |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

# दुई जिल्ला जोड्ने झोलुङ्गो पुलले यात्रा सहज

**पोखरापत्र संवाददाता**
बागलुङ, २८ फागुन



वारि भाइरल रत्नेचौर गाउँ । पारिपट्टि धामिर्क तथा कृषि उत्पादनको क्षेत्र भनेर चिनिने बागलुङको कुडुले गाउँ । म्याग्दी र बागलुङको साँध बनेर बगेको ढोडेनी खोलाका वारि र पारि पर्ने यी दुवै गाउँ पर्यटकीय गाउँ हुन् । यी दुवै गाउँलाई जोड्ने ढोडेनी खोला माथि बनेको ३८८ मिटर लामो झोलुङ्गे पुल स्थानीयको सुविधाको माध्यम त बनेको छ नै पर्यटकीय आकर्षणको केन्द्र समेत बन्दै गएको छ ।

म्याग्दीको बेनी नगरपालिका-१ रत्नेचौर र छिमेकी जिल्ला बागलुङको बागलुङ नगरपालिका-४ कुडुले जोड्ने ३८८ मिटर लम्बाइ तथा १७० मिटर उचाइ भएको यो झोलुङ्गे पुलमा रमाई प्राकृतिक दृश्यावलोकन गर्न म्याग्दीको रत्नेचौर र बागलुङको पञ्चकोट तथा कुडुलेस्थित शालग्राम सङ्ग्रहालय अवलोकनका लागि आएका पर्यटकहरू आउने गरेका रत्नेचौरका सुशीला भण्डारीले बताउनुभयो । तीन वर्षअघि २०७९ सालमा संघीय सरकारको 'सस्पेन्सन ब्रिज' डिभिजनले ढोडेनी खोलामाथि रु तीन करोड ५० लाखको लागतमा निर्माण गरेको यो पुलले दुई जिल्ला जोड्‌ नाका साथै कृषि उपजको बिक्री र पर्यटन विकासमा पनि महत्वपूर्ण सहयोग पुगेको बेनी नगरपालिका-१ का वडाअध्यक्ष टेकबहादुर थापाले बताउनुभयो । "पहिला पहिला कुडुले पुग्न एक डेढ घण्टा हिँड्नु पर्थ्यो । पुल बनेपछि डेढ घण्टाको बाटो पाँच मिनेटमा छोटिएको छ," वडाअध्यक्ष थापाले भन्नुभयो, "पुलले सुविधा मात्रै दिएको छैन, रत्नेचौरमा उत्पादन हुने तरकारी र दूध बजारीकरण गर्न र बागलुङको पञ्चकोट, कुडुलेको शालग्राम सङ्ग्रहालयको अवलोकनका लागि आएका धार्मिक पर्यटक र रत्नेचौरको भाइरल रोड, तोरीबारी र ज्यामरुककोटमा आएका पर्यटकहरू समेत पुलमा पुगेर रमाउँदै म्याग्दी, बागलुङ र पर्वतका प्राकृतिक सौन्दर्यको अवलोकन गर्न पाएका छन् ।" बेनी-बागलुङ सडक खण्डको पूर्वतर्फ रत्नेचौरस्थित श्रीलक्ष्मीहरि मन्दिर नजिकै निर्माण भएको यो पुलले अर्जम, रत्नेचौर, ज्यामरुककोट, फापरखेत, खबरा, फेदी, कुडुले, बान्द्रे, भान्सालगायतका गाउँका बासिन्दाले उत्पादन गरेका कृषि उपजको बजारीकरण र आर्थिक कारोबारमा पनि सुविधा पुगेको रत्नेचौरका मेखबहादुर बोगटीले बताउनुभयो । "पुलकै कारण बागलुङ आएका पर्यटकहरू रत्नेचौरको खेलमैदान, श्रीलक्ष्मीहरि मन्दिर र धवलागिरि क्षेत्रकै सबैभन्दा ठूलो मानवनिर्मित बुढोपोखरीको पर्यटन विकासमा सहयोग पुगेको छ ।" म्याग्दीमा तीन सय मिटरभन्दा लामा तीनवटा पुल निर्माण भएका छन् । यसअघि उत्तरी म्याग्दीको रघुगङ्गा गाउँपालिका-१ बेग र बादुक जोड्ने ३६५ दशमलव ८० मिटर लामो र १४८ मिटर अग्लो झोलुङ्गे पुल निर्माण भएको थियो । त्यसैगरी, पश्चिम म्याग्दीको मालिका गाउँपालिका-७ बिमवाङ र धवलागिरि गाउँपालिका-६ रिख जोड्ने ३५० मिटर लामो झोलुङ्गे पुल निर्माण भएको छ ।

# माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माण सम्पन्न

**रासस**
म्याग्दी, २८ फागुन



म्याग्दीको रघुगङ्गा गाउँपालिका-७ मा २२ दशमलव पाँच मेगावाट क्षमताको माथिल्लो ठूलोखोला जलविद्युत् आयोजना निर्माण सम्पन्न भएको छ ।

ठूलोखोला हाइड्रोपावर लिमिटेड प्रवर्द्धक रहेको आयोजनाको भौतिक संरचना, विद्युत्गृहमा उपकरण जडान र प्रसारण लाइन निर्माण सम्पन्न भएको हो । आयोजना प्रमुख शिवसागर यादवले भौतिक संरचना निर्माण सम्पन्न गरी परीक्षण उत्पादन थालिएको जानकारी दिनुभयो ।

"बाँध, विद्युत्गृह, पाइपलाइन, प्रसारणलाइन र विद्युत्गृहका उपकरण जडानका साथै आन्तरिक परीक्षण सकिएको छ," उहाँले भन्नुभयो, "नेपाल विद्युत् प्राधिकरणको प्राविधिक टोलीको उपस्थितिमा परीक्षण उत्पादनमा जुटेका छौँ ।" विसं २०७८ मा उक्त आयोजना निर्माण सुरु भएको थियो । आयोजना निर्माणस्थल भौगोलिक रुपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित छ। सुगुरथलामा बाँध, डिसेन्डर (पानी थिग्राउने पोखरी), दुई हजार ९०० मिटर मुख्य पाइपलाइन र ३०० मिटर सर्च साफ्ट पाइपलाइन जडान, फेदीमा विद्युत्गृह निर्माण गरिएको छ। विद्युत्गृह परिसरमा 'स्वीचयार्ड' निर्माण गरिएको छ।

यो आयोजना 'रन अफ द रिभर' प्रकृतिको हो । फेदीदेखि बन्दीसम्म १४ वटा टावर बनाएर पाँच किलोमिटर लामो १३२ केभी क्षमताको प्रशारण लाइन निर्माण गरिएको छ । बन्दीदेखि ठूलोखोला र चिमखोलादेखि चिमखोला-मङ्गले-राहुघाटजलविद्युत् आयोजनासँग सहकार्य गरेर तिल्केनीचौर हुँदै २२० केभी क्षमताको दाना-खुर्कोट प्रसारण लाइनमार्फत आयोजनाको विद्युत् केन्द्रीय प्रणालीमा आवद्ध गराइएको छ।

देव ऊर्जा कन्ट्रक्सन सिभिल, हाइड्रोमेकानिकल र बिएफएल बेङ्गलोर इलेक्ट्रोमेकानिकल ठेकेदार हुन् । रु तीन अर्ब लागत अनुमान गरिएको आयोजनामा सिटिजन्स र माछापुच्छे बैंकले ७० प्रतिशत ऋण लगानी गरेका छन् । प्रवर्द्धकको १० प्रतिशत लगानी रहने आयोजनाको २० प्रतिशत लगानी शेयर जारी गरेर सर्वसाधारणमार्फत जुटाइनेछ ।

राहुघाट र सहायक नदीमा यसअघि तीन वटा जलविद्युत् आयोजना निर्माण भइसकेका छन् । तुँदी पावरले प्रवर्द्धन गरेको ३५ दशमलब पाँच मेगावाट क्षमताको चिमखोला-राहुघाट- मङ्गले र त्यसको क्यासकेडको रुपमा ४८ दशमलब पाँच मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजना सञ्चालनमा आइसकेका छन् । राहुघाटको सहायक ठूलोखोलामा संयुक्त ऊर्जा लिमिटेडले निर्माण गरेको २१ दशमलब तीन मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले गत भदौदेखि व्यावसायिक उत्पादन थालेको थियो। नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा पुगेको छ ।

# मर्स्याङ्दी जलविद्युत्को मर्मतसम्भारपछि विद्युत् उत्पादन पुनः सुरु

**पोखरापत्र संवाददाता**
तनहुँ, २८ फागुन

आँबुखैरेनी गाउँपालिका-४ स्थित ६९ मेगावाट क्षमताको मर्स्याङ्दी जलविद्युत् केन्द्रको मर्मतसम्भार कार्य सम्पन्न गरी पुनः विद्युत् उत्पादन कार्य सुरु गरिएको छ।

विगत २१ दिनदेखि प्लान्ट पूर्ण रूपमा बन्द (सटडाउन) गरी थालिएका जटिल प्राविधिक तथा सिभिल संरचनाका कार्य निर्धारित समयमै सम्पन्न गरी केन्द्रले पुनः विद्युत् उत्पादन सुरु गरेको हो । नेपाल विद्युत् प्राधिकरणअन्तर्गतका विद्युत् केन्द्रहरूमध्ये क्षमताका हिसाबले तेस्रो र वार्षिक उत्पादनका दृष्टिले दोस्रो ठूलो मानिने यस केन्द्रले गत आर्थिक वर्षमा ४५१ दशमलव सात गिगावाट प्रति घण्टा विद्युत् उत्पादन गरेको थियो । चालु आर्थिक वर्ष २०८२/८३ को माघ मसान्तसम्म २९३ दशमलव पाँच गिगावाट घण्टा उत्पादन गरिसकेको यस केन्द्रको दिगो सञ्चालनका लागि फागुन २ गतेदेखि प्लान्ट बन्द गरी मर्मत कार्य अगाडि बढाइएको थियो ।

यस पटकको सटडाउनका क्रममा वर्षौंदेखि थाती रहेका र निकै चुनौतीपूर्ण मानिएका कार्य सम्पन्न गरिएको केन्द्र प्रमुख कपिलदेव मानजनले जानकारी दिनुभयो । उहाँका अनुसार विशेषगरी बाँध क्षेत्रको माथिल्लो तटीय क्षेत्र र डिसेन्डर नजिकैको कटानले जोखिममा परेको संरचनाको संरक्षण कार्य पूरा गरिनाका साथै विगत १४ वर्षदेखि सञ्चालनमा आउन नसकेको र सुरुङमा बालुवा छिर्न नदिन महत्वपूर्ण मानिने 'अन्डर स्लुइस गेट' को क्षतिग्रस्त संरचनाको मर्मत गरी यसलाई सञ्चालन योग्य बनाइएको छ ।

मुख्य इन्टेक नजिकै रहेको कम्पनसेटिङ पोखरीमा वर्षौंदेखि थुप्रिएको बालुवा निकाल्ने कार्य पनि यसै अवधिमा सम्पन्न भएको केन्द्र प्रमुख मानजनले बताउनुभयो। "लामो समयदेखि रोकिएका ठेक्का सम्झौताका कार्यहरू र मेकानिकल मर्मतलाई उच्च प्राथमिकता दिएर सम्पन्न गरिएको छ," उहाँले भन्नुभयो, "विद्युत् गृहको युनिट नम्बर ३ को ओभरहलिङ कार्यमा केन्द्रकै कर्मचारी र अन्य जलविद्युत् केन्द्रका प्राविधिकहरूलाई संलग्न गराइएको थियो ।"

बाँध क्षेत्रमा भइरहेको सिभिल मर्मतका लागि तीन सिफ्टमा २४सै घण्टा जनशक्ति परिचालन गरिएको थियो । केन्द्र प्रमुख मानजनले भन्नुभयो, "खोलाको बहाव न्यूनतम रहेको समयमा उत्पादनमा कम असर पर्ने गरी यो मर्मतको योजना बनाइएको थियो ।"

तालुक कार्यालय, विभाग र निर्देशनालयको विशेष समन्वय र उच्च व्यवस्थापनको सहयोगका कारण वर्षौंदेखि रोकिएका महत्वपूर्ण सिभिल कार्यहरू यस पटक सम्पन्न गर्न सफल भएका छौँ । प्लान्ट सटडाउनकै अवधिमा विद्युत् गृहमा एलटी टाइप ब्रेकर बदलीलगायतका अन्य आवश्यक इलेक्ट्रिकल र मेकानिकल मर्मतका कार्य समेत सम्पन्न भएका छन् । यस मर्मतसँगै केन्द्रको उत्पादन क्षमतामा सुधार आउने र प्राविधिक जोखिम कम हुने केन्द्रले जनाएको छ ।


## कर्मचारी आवश्यकता

शुक्लागण्डकी नगरपालिका शिक्षा शाखा, तनहुँको च.नं. १४५० पत्र संख्या ०८२/०८३ को मिति २०८२/११/२७ को प्राप्त पत्र अनुसार साथै यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८२/११/२७ को निर्णय अनुसार यस विद्यालयमा सहायक (लेखापाल) पदमा पदपूर्तिका लागि विज्ञापन अनूमति प्राप्त भएकाले उल्लेखित योग्यता पूरा भएका इच्छुक नेपाली नागरिकहरुबाट तपशिलका उल्लेखित कागजात सहित सूचना प्रकाशित मितिले ७ दिनभित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

**तपशिल**
**विज्ञापन नं.** ०३/२०८२/२०८३

१) पदः विद्यालय सहायक लेखापाल २) संख्याः १ जना
३) किसिमः करार (अस्थायी)
४) तबल स्केलः नेपाल सरकारको प्रचलित नियम अनुसार।
५) उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
६) आवश्यक कागजपत्रहरुः हस्तलिखित निवेदन, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपिहरु, नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि १ थान।
७) परीक्षा दस्तुर : रु १०००।-
८) परीक्षाको किसिम : लिखित र अन्तरवार्ता
९) शैक्षिक योग्यता : मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन विषयमा + २ उत्तीर्ण वा सो सरह साथै नेपाली टाइपिङ गर्न सक्ने।
१२) दरखास्त आइसक्नु पर्ने अन्तिम मितिः २०८२/१२/१२ गते ४:०० बजेसम्म
१३) सम्पर्क मितिः २०८२/१२/१३ गते।
सम्पर्कको लागिः ९८४६००५१८४, ९८५६०५८००८

**श्री राजपुर माध्यमिक विद्यालय**
**शुक्लागण्डकी नगरपालिका-११, तनहुँ**


# अन्तर्राष्ट्रिय बालविकास गोष्ठीमा प्रा.डा. न्यौपाने

**पोखरापत्र संवाददाता**
पोखरा, २८ फागुन




भारतको चिल्ड्रेन रिसर्च युनिभर्सिटी, गान्धीनगर र "गुजरात नलेज कन्सोर्टियम" अहमदाबादको संयुक्त आयोजनामा "साहित्य र बालबालिकाको समग्र विकास : बहुआयामिक स्वरूप, कार्य तथा विश्वपरक दृष्टिकोण" शीर्षकमा एक अन्तर्राष्ट्रिय गोष्ठी सम्पन्न भएको छ। गोष्ठी चिल्ड्रेन रिसर्च युनिभर्सिटीको सभाकक्षमा आयोजना गरिएको थियो । यस अन्तर्राष्ट्रिय गोष्ठीमा अनलाइन र प्रत्यक्ष गरी करिब ९० वटा अनुसन्धानपत्रहरू प्रस्तुत गरिएको आयोजकले जनाएको छ।

उपकुलपति प्रा.डा. टी.एस. जोशीको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा प्रा.डा. प्रशान्त पटेलले स्वागत मन्तव्य व्यक्त गरेका थिए। अतिथिहरूले सामूहिक रूपमा दीपप्रज्वलन गरेर कार्यक्रमको औपचारिक सुरुवात गरेका थिए। कार्यक्रम संयोजक डा. भैरवी दीक्षितले गोष्ठीको उद्देश्यबारे प्रकाश पार्दै बालबालिकाको समग्र विकासका लागि साहित्य र संस्कृतिको भूमिकामाथि अन्तर्राष्ट्रिय विमर्श आवश्यक रहेको बताइन् ।

उद्घाटन समारोहमा नेसनल बुक ट्रष्ट दिल्लीका अध्यक्ष प्राध्यापक मिलिन्ड मराठेले प्रमुख अतिथिका रूपमा मन्तव्य व्यक्त गर्दै बालसाहित्य र लोकपरम्पराले बालबालिकाको कल्पनाशक्ति, नैतिक मूल्य र सामाजिक चेतनाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गरे। अध्यक्ष प्रा.डा. टी.एस. जोशीले यस्ता अन्तर्राष्ट्रिय गोष्ठीहरूले बालअध्ययनका क्षेत्रमा नयाँ ज्ञान र अनुसन्धानको ढोका खोल्ने विश्वास व्यक्त गरे । कार्यक्रमको अन्त्यमा विश्वविद्यालयका रजिस्टार डा. निलेश पाण्डेले धन्यवाद ज्ञापन गरेका थिए।

उद्घाटन सत्रपछि सम्पन्न प्राज्ञिक गोष्ठी सत्रमा विभिन्न देशका विज्ञहरूले बालविकाससम्बन्धी आफ्ना अनुसन्धानपत्र प्रस्तुत गरेका थिए। गुजरात विश्वविद्यालयका प्राध्यापक तथा विश्वविद्यालय अनुदान आयोगका निर्देशक प्रा.डा. जगदीश जोशीको अध्यक्षतामा सम्पन्न यस सत्रमा नेपालका प्रख्यात समालोचक तथा अनुसन्धानकर्ता प्रा.डा. कुसुमाकर न्यौपानेले "बालबालिकाको समग्र सिकाइ र विकासका लागि नेपाली मौखिक लोककथाहरू" शीर्षकमा गोष्ठीपत्र प्रस्तुत गरे ।

उनले नेपाली मौखिक लोककथाले बालबालिकाको बौद्धिक, भावनात्मक, सामाजिक र नैतिक विकासमा कसरी प्रभाव पार्छ भन्ने विषयमा विस्तृत रूपमा चर्चा गरेका थिए। ग्रामीण समाजमा हजुरआमा-हजुरबुबाले सुनाउने लोककथादेखि लिएर लोकपरम्परामा रहेको प्रतीकात्मक ज्ञानसम्मलाई उनले बालविकाससँग जोडेर विश्लेषण गरेका थिए । न्यौपानेले नेपाली लोकसंस्कृतिमा पाइने कथावाचन परम्परा, लोकनैतिक शिक्षा, प्रकृतिसँगको सम्बन्ध र सामूहिक जीवनमूल्यलाई बालबालिकाको समग्र सिकाइका आधारका रूपमा व्याख्या गरेका थिए। उनले आधुनिक शिक्षण प्रणालीसँग लोककथालाई जोडेर प्रयोग गर्न सके बालबालिकाको सिर्जनात्मकता, कल्पनाशक्ति र जीवनदृष्टि अझ समृद्ध हुने धारणा व्यक्त गरे ।

प्रा.डा. न्यौपाने नेपाली भाषा, साहित्य र लोकसंस्कृतिका क्षेत्रमा लामो समयदेखि सक्रिय अनुसन्धानकर्ता हुन्। उनले नेपाली लोककथा, मौखिक परम्परा, लोकसाहित्य र सांस्कृतिक अध्ययनसम्बन्धी अनेक अनुसन्धान र लेखमार्फत नेपाली लोकसम्पदालाई शैक्षिक र अन्तर्राष्ट्रिय विमर्शमा स्थापित गर्ने काम गर्दै आएका छन् । उनको प्रस्तुतिले गोष्ठीमा सहभागी अन्तर ष्ट्रिय विद्वानहरूको ध्यान आकर्षित गरेको थियो। सहभागीहरूले नेपाली मौखिक परम्परा र लोककथामा निहित जीवनमूल्यलाई बालशिक्षा र बालमनोविज्ञानसँग जोडेर अध्ययन गर्ने दृष्टिकोण अत्यन्त महत्वपूर्ण भएको प्रतिक्रिया दिएका थिए ।

यस सत्रमा पोल्यान्डका डा. फिलिप रुसिन्स्कीले संस्कृत शिक्षा र पोलिस साहित्यले बालबालिकाको विकासमा पार्ने प्रभावबारे प्रस्तुति दिएका थिए भने आबद्ध डा. किरण त्रिवेदीले बालविकासमा कृत्रिम बुद्धिमत्ता (एआई) को भूमिकाबारे आफ्नो विचारपत्र प्रस्तुत गरेका थिए । यस गोष्ठीमा नेपालका प्रा.डा. कुसुमाकर न्यौपानेको प्रस्तुति नेपाली लोककथा र लोकसंस्कृतिको अन्तर्राष्ट्रिय स्तरमा गरिमामय प्रतिनिधित्वका रूपमा समेत हेरिएको छ। नेपाली मौखिक परम्पराको शैक्षिक महत्त्वलाई विश्वमञ्चमा उजागर गर्ने उनको प्रयासले नेपाली लोकसाहित्यप्रति अन्तर्राष्ट्रिय चासो बढाउने विश्वास व्यक्त गरिएको छ ।

# चितवन, गोरखा र उदयपुरमा भारी वर्षा

**रासस**
म्याग्दी, २८ फागुन

मौसम बदली भएसँगै आज दिउँसो चितवन, गोरखा र उदयपुरमा भारी वर्षा भएको छ ।

जल तथा मौसम विज्ञान विभागको अभिलेखअनुसार पछिल्लो ३ घण्टामा सबैभन्दा बढी उदयपुरमा ८२.२ मिलिमिटर वर्षा भएको छ ।

यस्तै गोरखामा ८० मिलिमिटर वर्षा भएको छ । विभागका अनुसार चितवनमा ६० मिलिमिटरभन्दा बढी वर्षा भएको छ । मापनका हिसाबले तीनवटै ठाउँमा भारी वर्षा हो । उदयपुरको कटारी र गोरखाको बारपाकमा बढी वर्षा भएको छ । चौबीस घण्टामा ५० मिलिमिटर माथिको वर्षालाई भारी वर्षामा गणना गरिन्छ ।

अन्य क्षेत्रमा पनि पानी परिरहेको विभागले जनाएको छ । विभागका अनुसार लमजुङ, मकवानपुर, सिन्धुपाल्चोक, सङ्खुवासभा, इलाम, सोलुखुम्बु, मुस्ताङ, बर्दिया, कास्कीलगायत जिल्लामा पनि वर्षा भएको छ ।

यो वर्षापछि प्रदूषण केही कम हुने अनुमान गरिएको विभागका सूचना अधिकारी दिनकर कायस्थले जानकारी दिनुभयो ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ९, को अनुदानमा सिद्धमार्ग टोल स्थीत सितापाइला जलारी समाजको सार्वजनिक सौचालय निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः सितापाईला जलारी समाजघरमा खा.पा./शौचालय निर्माण पोखरा-९, सिद्धार्थ टोल
योजना सम्झौता मिति : २०८२/०९/२९ गते
योजना सुरु हुने मितिः २०८२/१०/०२ गते
योजना सम्पन्न हुने मितिः २०८३/०१/१५
योजना सम्पन्न भएको मितिः २०८२/११/२५
योजनाको कुल लागतः रु. ५,६३,६६५.४४
महानगरपालिकाबाटः रु. ५,००,०००।-
जनसहभागिताबाटः रु. ६३,६६५.४४
उपभोक्ता समिति अध्यक्षः सानु जलारी
उपभोक्ता समिति सदस्यः ९ जना महिलाः ३ पुरुषः ६ जना

**सिता पाइला जलारी समाज निर्माण उपभोक्ता समिति, पोखरा-९, नयाँबजार**